# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

प्रदेश नं. १, नेपाल

**बेलबारी नगरपालिका वडा नं.९ स्थित**

**डाँगीहाट सपिङ कम्प्लेक्स वहाल (भाडा) मा लगाउने सम्बन्धि सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०७७।०८।१०**

बेलबारी नगरपालिका वडा नं.९ स्थित डागीहाट सपिङ कम्प्लेक्स संझौता भएको मितिले ३ बर्षका सम्मका लागी शिलबन्दी दरभाउपत्र खरीद प्रकृयाबाट वहाल (भाडा) लगाउनु पर्ने भएकोले ईच्छूक व्यक्ति वा ईजाजतपत्र प्राप्त फर्म वा कम्पनीहरुबाट तपशिलको शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल**

| क्र. सं. | विवरण | न्यूनतम मासिक बहाल (भाडा) रकम रु. | दरभाउपत्र दस्तूर | खरिद प्रक्रिया |
|---|---|---|---|---|
| १ | बेलबारी न.पा. ९ डाँगीहाटको दुईतले ९ वटा कोठा सहितको सपिङ्ग कम्प्लेक्स भाडामा लिने दिने कार्य। | रु. २८,६०३।०० अक्षेररुपी अठाईस हजार छ सय तीन रुपैया। (भूई तल्ला ५ वटा कोठा सहित ६२.५७ वर्ग मिटर मासिक रु. १५३४६।०० र माथिल्लो तल्ला ४ वटा कोठा हित ६२.५७ वर्ग मिटर मासिक रु. १३२५७।००) | रु.१०००।०० | शिलबन्दी दरभाउत्र |

**भवन बहाल (भाडा) सम्बन्धी शर्तहरु:**

1. ईच्छूक दरभाउपत्रदाताहरुले १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपसिल बमोजमिको नगदै तिरी नगदी रसिदका साथै फर्म वा कम्पनीको हकमा आ.ब. २०७६।०७७ को नबीकरण भएको ईजाजतपत्र, स्थायी लेखानम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब.२०७६।०७७ को कर चूक्ता वा म्याद थप गरेको प्रतिलिपी संलग्न राखी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि र चालु आ.व.को नगरपालिकालाई बुझाउनु पर्ने कर दस्तुतर तिरेको रसिदको प्रतिलिपि समावेश गरि शिलबन्दी दरभाउपत्र यस कार्यायबाट खरीद गर्न सकिनेछ र १६ (सोह्र) औं दिन दिनको १२.०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ। प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालयका प्रतिनिधि, शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त शिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन।
2. शिलबन्दी दरभाउपत्र साथ उल्लेखित धरौटी वापत आफुले कबोल गरेको मासिक बहाल (भाडा ) का दरले वार्षिक हुन आउने रकमको ३ प्रतिशत बराबरको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि. बेलबारी शाखा स्थित धरौटी खाता नं. २४३०१००३०३००००००२ मा नगद दाखिला गरेको सक्कल भौचर वा "क" वर्गको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ।
3. शिलबन्दी दरभाउपत्र भर्दा दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

4. रित नपुगी वा म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दर्ता भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
5. शिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गरेको निकाय, ठेक्काको नं. र पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. स्पष्टसँग लेख्नु पर्नेछ।
6. दरभाउपत्रदाताले खरीद कारबाहीमा भागलिन अयोग्य छैन भन्ने सार्बजनिक खरिद नियमावली बमोजिम स्वः घोषणापत्र पेश गर्नुपर्नेछ।
7. शिलबन्दी दरभाउपत्र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरीद तथा दर्ता गरिनेछ।
8. भवन भाडामा लिने व्यक्ति वा फर्म वा कम्पनीले संझौता अवधिमा वार्षिक कबोल अंकको ३ वर्ष मान्य अवधि भएको कबोल अंकको ५ प्रतिशत हुन आउने रकम कार्यसम्पादन जमानत राख्नु पर्नेछ।
9. भवनको भाडा रकमको भूक्तानी संझौता भएको मितिले प्रत्येक महिना व्यतित भएको ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ। सो अवधिभित्र दाखिला नगरेमा नियमानुसार हर्जना सहित असुल उपर गरिनेछ। साथै भवनको भाडा वापत वार्षिक भाडा रकम एकमुष्ठ संझौता अवधिमा अग्रिम जम्मा गरेमा वा प्रत्येक वर्षको भाडा रकम अग्रीम रुपमा दाखिला गरेमा वार्षिक भाडा रकममा १०% छुट दिईनेछ।
10. भवनको उपयोग गरे भवनको सरसफाई लगायत अन्य पानी, विजुली, बहाल कर, आय कर, मूल्य अभिबृदि कर तथा अन्य कर दस्तुर नियमानुसार भवन बहाल लिने ब्यक्ति वा फर्म वा कम्पनी आफैले ब्यहोर्नु पर्नेछ।
11. संझौता बमोजिम जे प्रयोजनको लागि भवन भाडा लिएको हो सोही प्रयोजनमा प्रयोग गर्नु गराउनु पर्नेछ। प्रचलित कानूनले निषेध गरेका चिज वा वस्तुहरु राखिएको पाईएमा निजको धरौटी जफत गरी भवन भाडा ठेक्का सम्झौता तोडी नियमानुसार कारवाही गरिनेछ।
12. संझौता भएको मितिले हरेक २ वर्षमा १० प्रतिशतका दरले भाडा बृद्धि गरिनेछ।
13. न.पा. बाट वहाल (भाडा) मा लिएको भवनको कुनैपनि कोठा न.पा.को पूर्व इजाजत नलिइ आफुखुसी कुनै प्रकारको कार्य गरी कोठाको स्वरुप परिवर्तन गर्न पाइने छैन। जे जस्तो अबस्थामा वहाल लिएको छ सोही अबस्थाको उक्त भवन बहाल अबधि समाप्त पश्चात न.पा.लाई जिम्मा दिनु पर्नेछ।
14. उल्लेखित शर्त विपरित कार्य गरी भवन भाडा लिने ब्यक्तिले लापरबाही गरि भवन क्षति हुन गएमा वा विग्रे भत्केमा सो को मर्मत सम्भार भवन वहालमा लिने व्यक्ति वा फर्मले आफै गर्नु गराउनु पर्नेछ। यदि समयमा मर्मत सम्भार नगरेमा नगरपालिकाले कार्य गराई लागेको सम्पुर्ण खर्च सम्बन्धित ब्यक्ति वा फर्मबाट असुल उपर गरिनेछ।
15. न.पा.ले तोकेको उपरोक्त भवन भाडा ठेक्का अवधि समाप्त पश्चात भवन भाडामा दिन नगरपालिका बाध्य हुने छैन।
16. भवन बहालमा लिने ब्यक्ति वा फर्मले उक्त भवन संझौता अवधि बिचैमा छोड्न चाहेमा भवन छाड्नु ३ (तीन) महिना अगाबै यस कार्यालयलाई पूर्व जानकारी गराउनु पर्नेछ र यस्तो अवस्था भएमा धरौटी रकम जफत गरिनेछ।
17. यस सुचनामा उल्लेख नभएका अन्य कूराहरुको हकमा प्रचलित कानून तथा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।
18. यस सम्बन्धि अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ र यस कार्यालयको वेभसाईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नुहुनेछ।

प्रमुख प्रशासकीय अधिकृत